**के तपाईको टोली/सञ्जाल/समूह/संगठनले १८-२५ वर्षको उमेर समूहसँग जलवायु न्याय र प्रकृति संरक्षणको अभियानमा काम गर्छ ?**

**हामी अब युवाहरूको नेतृत्वमा रहेका समूहहरू/सञ्जाल/संगठनहरूबाट हामीसँग अभियान सञ्चालन गर्नको लागि आवेदनहरू स्वीकार गर्दैछौं ।**

आवेदन बन्द हुने मिती: **१८ वैशाख २०७९**

## + सन्दर्भ

हाम्रो पृथ्वीलाई सुरक्षा चाहिएको छ, र युवाहरूले चुनौतीको नेतृत्व गरिरहेका छन् ।

डब्लुडब्लुएफ नेपाल र सेभ द चिल्ड्रेन नेपाल द्वारा समर्थित शिफ्ट आवर प्लानेटले नेपालको दिगो विकास गर्ने उद्देश्यले युवा समूहहरुलाई आफ्नो अभियान सुरुवात गर्न आवश्यक **सीप, उपकरण, कोष र नेटवर्कहरु** प्रदान गर्ने छ ।

यदि तपाईंको समूह सफल भयो भने हामी तपाईंलाई निम्न तरिकाहरूद्वारा सहयोग गर्नेछौं :

१. तपाईंको समूह/सञ्जाल/संस्थाका पाँच जना सदस्यहरूलाई हाम्रो ३ दिने (**२४ मे- २६ मे २०२२**) सह-सिर्जना कार्यशालामा उपस्थित हुन आमन्त्रित गरिनेछ जहाँ हामी तपाईंलाई आफ्नो अभियान योजना डिजाइन गर्न मद्दत गर्नेछौं

२. चयन गरिएका समूहरूलाई प्रख्यात रचनाकारहरूसँग मिलाइनेछ जसले तपाईंको अभियानलाई भीडबाट अलग देखाउन मद्दत गर्नेछन्

३. तपाईँलाई अभियान कोष प्रदान गरिनेछ ताकि तपाइँ आफ्नो अभियानलाई जीवन्त बनाउन सक्नुहुन्छ

४.सेभ द चिल्ड्रेन नेपाल र डब्लुडब्लुएफ नेपालले तपाईलाई हरेक पाइलामा साथ दिनेछ

## + आवेदनका लागि आह्वान

तपाईं जलवायु परिवर्तन, वायु प्रदूषण न्यूनीकरण, फोहोर व्यवस्थापन, नेपालको प्राकृतिक संरक्षण कार्यको लागि अभियान गर्दै हुनुहुन्छ वा यो सबै किन महत्त्वपूर्ण छ भन्ने बारे मानिसहरूलाई शिक्षित गर्ने प्रयास गर्दै हुनुहुन्छ भने शिफ्टले तपाईंको समूहलाई यो सकारात्मक परिवर्तनको नेतृत्व गर्न मद्दत गर्नेछ।

यदि तपाइँ आवेदन गर्न इच्छुक हुनुहुन्छ भने, कृपया यो छोटो आवेदन फारम पूरा गर्नुहोस् । यसले हामीलाई तपाईंको युवा समूह वा सञ्जाल वा संस्थाका साथै तपाँईको अभियान द्वारा उठाउनु भएको मुद्दाहरुलाई थप प्रकाश पार्न मद्दत पुर्‍याउने छ.

## + आवेदन

तलका प्रश्नहरू भर्नुहोस्, वा हामीलाई छोटो भिडियोमा तपाईंको प्रतिक्रियाहरू पठाउनुहोस् !

प्र १: हामीलाई आफ्नो समूह/सञ्जाल/संगठनको बारेमा भन्नुहोस् ! तपाईको समूहको नाम के हो? तपाईको लक्ष्य के हो? तपाईका कति सदस्य छन् र कति समयदेखि सक्रिय हुनुहुन्छ ? (अधिकतम ३०० शब्दहरू)

प्र २: तपाईको समूह/सञ्जाल/संगठनले परिवर्तन गर्न चाहेको मुद्दा बारे हामीलाई भन्नुहोस्? यसले तपाईंको देशका युवाहरूलाई कसरी प्रभाव पार्नेछ? तपाईंको समूह यस मुद्दामा के परिवर्तन गर्न चाहन्छ? (अधिकतम ३०० शब्दहरू)

प्र ३: के तपाईंले यस विषयमा पहिलेदेखि नै अभियान गरिरहनुभएको छ? यदि छ भने, तपाईंले के गर्नुभएको छ? (अधिकतम ३०० शब्दहरू)

प्र ४: तपाईको समूहसँग अभियानका लागि कुनै रचनात्मक विचार छ? यदि छ भने, केही विचारहरू सूचीबद्ध गर्नुहोस् (अधिकतम ३०० शब्दहरू)

## + मूल्याङ्कन मापदण्ड

हामी निम्न मापदण्डहरूको आधारमा आवेदनहरूको मुल्याङ्कन गर्नेछौं:

- के तपाईको समूह/सञ्जाल /संगठन स्थापित र सक्रिय छ? के तपाइँ सहभागी हुन उत्साहित हुनुहुन्छ?
- के तपाईको समूह/सञ्जाल/संगठन का लक्ष्य र प्राथमिकता स्पष्ट छन्?
- के तपाइँको समूह/सञ्जाल /संगठनमा युवाहरू (२५ वर्ष मुनिका) १५ जना सम्म कार्यशालाहरूमा भाग लिन र अभियानको नेतृत्व गर्न उपलब्ध छन् ?
- के तपाइँको उद्देश्य तपाँईको स्थानको राजनीतिक तथा सामाजिक वाधाहरुको वावजूत सफलता पूर्वक प्राप्त गर्न सकिन्छ ?
- के शिफ्टले तपाइँको अभियान सफल पार्न मद्दत गर्न सक्छ ?
- के तपाईंको समूहका गतिविधिहरू शिफ्टको समर्थन समाप्त भए पश्चात पनि भविष्यमा जारी रहन्छ ?

## + अनुमोदन प्रक्रिया

| चरण | गतिविधि |
|---|---|
| प्रस्तुती | आवेदनहरू प्राप्त |
| मूल्याङ्कन | शिफ्ट टोली द्वारा आवेदनहरूको समीक्षा र मापदण्डहरू विरुद्ध मूल्याङ्कन गरिने |
| समीक्षा | एक वा दुई प्रमुख आवेदकहरूसँग अन्तरक्रियाको प्रबन्ध गरिने |
| निर्णय | सफल आवेदकलाई सूचित गरिने<br>किक-अफ बैठक सम्पन्न गरिने<br>असफल आवेदकहरूलाई सूचित गरिने।<br>प्राप्त सबै आवेदनहरू भावि अवसरहरुका लागि राखिनेछ र साथै युवा समूहहरुले शिफ्ट द्वारा समर्थित अन्य अभियानमा सहभागीता र सहकार्य गर्न सक्ने छन् |

## + प्रेरणा

कलरफुल गर्लस

https://youtu.be/tJ0VRTM1AmI

एयर क्वालिटि यांगन

https://youtu.be/e9m5GLCLr6o

योङ्ग सिटि सेपस

https://youtu.be/JsOCZLfrCQ0

## + आवेदन बुझाउनका लागि हामीलाई ईमेल गर्नुहोस

shift.nepal@savethechildren.org